दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक ९३ | बुटवल | २०८२ चैत १९ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday April 02, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## बादल नेता भएपछि नेताहरूको असन्तुष्टी



बुटवल । नेकपा एमालेको संसदीय दलको नेतामा रामबहादुर थापा 'बादल' निर्विरोध निर्वाचित भएपछि एमाले नेताहरुले असन्तुष्टी जनाएका छन् ।

बुधबार संसदीय दलको नेताको निर्वाचनमा बादल निर्विरोध निर्वाचित भएका हुन् ।

यसअघि सांसद सुहाङ नेम्वाङले पनि दाबी गरेका थिए । तर, अन्तिम समयमा मनोनयन दर्ता गर्ने बेला उनले समर्थक र प्रस्तावक पाएनन् ।

एमाले उप-महासचिव योगेश भट्टराईले संसदीय दलको नेता छान्ने विधिमाथि आपत्ति जनाएका छन् । उनले यो शैलीका कारण पार्टीपंक्तिलाई झन् चिन्तित बनाएको उल्लेख गरेका छन् ।

'निर्वाचनबाट पार्टीलाई गम्भीर धक्का लागेको, पार्टी र नेतृत्वप्रति व्यापक जनगुनासो रहेको, पार्टी अध्यक्ष स्वयं गिरफ्तारीमा पर्नुभएको र समग्रमा हाम्रो आन्दोलनले बहुआयामिक प्रतिकूलताको सामना गरिरहेको वर्तमान अवस्थामा नेकपा एमालेको व्यापक पुनर्गठन मार्फत बलियो एकता बनाउँदै जनविश्वास जागृत गर्नुपर्ने बेलामा आज नेकपा एमालेको संसदीय दलको नेता छान्न जुन तरिका र शैली अपनाइयो यसबाट सिंगो पार्टीपंतिलाई थप चिन्तित बनाएको छ,' भट्टराईले भनेका छन्-'केही दिनको समय लिएर पार्टी नेतृत्व र माननीय सांसदहरू बीचमा छलफलका माध्यमबाट उच्चस्तरको समझदारीमा पुग्नुको सट्टा सांसदहरूलाई दबाबमा राखेर जे गरियो यो राम्रो भएन ।'

यता नेकपा एमालेका नेता बासुदेव घिमिरेले पार्टी नसुध्रिने बरु बिलाएर जाने टिप्पणी गरेका छन् ।

एमाले संसदीय दलको नेतामा समानुपातिक सांसद रामबहादुर थापा बादल निर्विरोध चयन भएकोतर्फ लक्षित गर्दै पूर्वसांसद समेत रहेका घिमिरेले यस्तो टिप्पणी गरेका हुन् ।

यसअघि प्रत्यक्षतर्फ चुनाव जितेका सांसद संसदीय दलको नेता हुने गर्थ्यो ।

तर यसपटक समानुपातिक सांसद थापालाई दल नेता चयन गरेपछि पार्टीभित्र विरोध र आलोचना सुरु भएको छ ।

# बस समितिलाई संस्था दर्ता ऐनअनुसार नवीकरण गर्न माग





**टिआर शर्मा**
*बुटवल*

बस व्यवसायीहरुले संस्था दर्ता ऐन २०३४ अनुरुप दर्ता भई संचालनमा रहेका यातायातसंग सम्बन्धित संघ/संस्थाहरुलाई सर्वोच्च अदालतको आदेशअनुसार नवीकरण गर्न संघीय सरकारसंग माग गरेका छन् । सर्वोच्चले २०८० चैत २० गते संस्था दर्ता ऐन २०३४ अनुरुप नविकरण गर्न आदेश गरेपश्चात् पनि सरकारले विभिन्न वाहना बनाइ नविकरण नगरेको हुँदा अविलम्ब नविकरण गर्न पश्चिम नेपाल बस व्यवसायी प्रालिले माग गरेको हो ।

सर्वोच्चका तत्कालीन न्यायाधीशहरु सपना प्रधान मल्ल र बालकृष्ण ढकालको संयुक्त इजलाशले कोशी बस व्यवसायी समितिले दायर गरेको मुद्दामा संस्था दर्ता ऐन २०३४ अनुसार नै नवीकरण गर्न आदेश दिएको थियो । कोशी बस व्यवसायीका हकमा गरेको फैसला देशभरका सोही प्रकृतिका समितिका हकमा पनि लागु हुनुपर्नेमा नभएको हो ।

प्रालिका अध्यक्ष दधिराम खरेलले संस्था दर्ता ऐन २०३४ अनुसार बस व्यवसायी समितिहरु सामाजिक संस्था समेत भएकाले प्रालिमा दर्ता गर्न नपर्ने अदालतले फैसला गरे पनि आदेश कार्यान्वयन नभएको गुनासो गरे । विगतमा सिण्डिकेटको आरोप लगाएर प्रालिमा दर्ता हुन वाध्य बनाइएपनि अदालतले सामाजिक संस्था सरह संस्था दर्ता ऐन अनुसार पूर्ववत समितिकै रुपमा नवीकरण गर्न आदेश दिएकाले उक्त आदेश अहिलेको सरकारले लागू गर्नुपर्ने अध्यक्ष खरेलले माग गरे ।

सर्वोच्च अदालतको निर्णय कार्यान्यन गर्न शुसीला कार्की नेतृत्वको अन्तरिम सरकारले जाचबुझ आयोग गठन गरी चैत ३ गते तत्कालीन गृहमन्त्री ओमप्रकाश अर्याललाई सुझाब पेश गरेको छ। त्यो सुझाब अब नयां सरकारको मन्त्रिपरिषद्को बैठकबाट कार्यान्वयनमा लैजाने भनिएको छ।

अध्यक्ष खरेलले गाडीको च्यासिस, बडि, पार्टपूर्जा, टायरलगायत इन्धनको मून्यू, अध्यधिक रुपमा वृद्धि भएको हुँदा सोही अनुरुप वैज्ञानिक भाडा दर कायम गर्न सरकारको ध्यानआकर्षण गराएका छन् ।

बुधबार पत्रकार सम्मेलन गरी प्रालिले हाल यात्रु बाहक सवारी साधन अनियन्त्रित रुपमा आयात भै रहेका कारण सञ्चालनमा रहेका सवारी साधनहरु विस्थापित हुने अवस्थामा पुगेका भन्दै एकातिर अनावश्यक रुपमा स्वदेशी पुँजी विदेशिने र अर्कोतर्फ लगानी भैसकेको विशुद्ध स्वदेशी व्यवसायीहरुको व्यवसाय धरापमा पर्ने चुनौती थपिएको हुंदा यात्रुको चाप अनुसारसार्वजनिक यात्रुवाहक सवारी साधन आयात नर्गन सरकारसंग माग गरेको छ ।

यस्तै नयां अवस्थामा एउटा प्रदेशमा लामो समय सम्म संचालन भई पुरानो भए पश्चात अर्को प्रदेशमा सरुवा दर्ता भएर जाने यात्रुवाहक सवारी साधनलाई सरुवा दर्तामा पूर्णरुपमा बन्द गराउन प्रालिका दुर्घटना न्यूनीकरण समिति संयोजक एवं सञ्चालक नारायण घिमिरेले माग गरे । यसरी सरुवा दर्ता भै आउने सवारी साधनहरु जोखिमयुक्त सडकमा संचालन हुने हुँदा दुर्घटनाको उच्च सम्भावना रहने घिमिरेको तर्क छ ।

रातो प्लेटका निजी सवारी साधनहरुले पहाड तथा तराईका विभिन्न भू-भागहरुमा प्रयोजन विपरीत यात्रुहरु ओसारपसारमा संलग्न भैरहेको कारण ती साधनहरुलाई नियन्त्रण गर्न प्रालिले माग गरेको छ । साथै राष्ट्रिय तथा सहायक राजमार्गहरुमा सञ्चालन हुन नपाउने ई-रिक्सा तया टेम्पुहरु निर्विवाद रुपमा हरेक क्षेत्रमा सञ्चालन भै दुर्घटना भैरहेको कारण त्यसतर्फ प्रालिले सरकारको ध्यानाकर्षण गराएको छ ।

राष्ट्रिय राजमार्गहरुको मर्मत, सम्भार समयमै नभएको कारण सवारी साधन दुर्घटना हुने र यात्रु समयमै गन्तव्यमा पुग्न नसक्ने समस्याको अविलम्ब समाधान गर्न प्रालिले माग गरेको छ । यस्तै विगतमा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, गृहमन्त्रालय, यातायात व्यवस्था विभागका प्रतिनिधी बिच कुनै पनि यात्रु बाहक सवारी साधन दुर्घटना भएपश्चात चौबिस घण्टापछि सम्बन्धित सवारी धनिलाई जिम्मा जवानीमा छोडिदिने सहमति भएकोमा उक्त सहमतिको कार्यान्वयन नगरी महिनौं सम्म सवारी साधन प्रहरीको नियन्त्रणमा राखि रहने प्रवृत्तिले व्यवसायीहरु वित्तीय संस्थाको किस्ता र व्याज तिर्न नसकि धरासायी भैरहेकाले विगतमा भएको सहमति अनुरुप सम्बन्धित निकायहरुलाई आवश्यक निर्देशन दिन प्रालिले सरकारसंग जोडदार माग गरेको छ ।

यस्तै हाल यातायात व्यवस्था कार्यालयबाट प्रदान गरिंदै आएको सडक इजाजत पत्रको म्याद चार महिना मात्र भएको कारण वर्षमा ३ पटक यातायात कार्यालयमा जानु पर्ने परिस्थितिलाई सहज गराई एक वर्षमा एक पटक मात्र नविकरण गर्ने व्यवस्था मिलाउन प्रालिले प्रदेश सरकारसँग माग गरेको छ ।

प्रदेशसरकारमार्फत् लिइने सवारी कर तथा आयकर प्रत्येक वर्ष वृद्धि हुदै गएको कारण व्यवसायीले समयमै बुझाउन नसकी जरीवाना तिर्न बाध्य हुँदा उक्त कर घटाई पूर्ववत अवस्थामा ल्याउन प्रालिले माग गरेको छ ।

लुम्बिनी प्रदेश भित्र क्रियाशिल प्रमुख यातायातका संघ/संस्थासँग समन्वय गरी प्रदेशभरी दुर्घटना न्यूनीकरणको लागि सचेतना कार्यकम गर्न प्रालिले माग गरेको छ । प्रालिले स्थानीय सरकार बुटवल उपमहानगरपालिकासंग सम्बन्धित विभिन्न विषयमा पनि ध्यानाकर्षण गराएको छ ।

बुटवल नगर क्षेत्रभित्र रहेका राष्ट्रिय राजमार्ग तथा भित्री सडकहरुमा छाडा चौपायाका कारण दिनानुदिन सवारी दुर्घटना भै धनजनको क्षति भैरहेको हुंदा छाडा चौपायालाई प्रभावकारी रुपमा नियन्त्रण गरी व्यवस्थापन गर्न प्रालिले माग गरेको छ ।

लुम्बिनी बस टर्मिनल भित्र पर्याप्त स्थान अभावका कारण प्रालिबाट संचालनमा रहेका संयौ संख्याका बसका क्यूहरुलाई बजार क्षेत्रमा लाखौं रुपैया बुझाई काउन्टर स्थापना गरी अव्यवस्थित रुपमा स्थानिय रुट एवं लामो रुटमा संचालन गर्न बाध्य भएको प्रालि गुनासो गरेको छ । लुम्बिनी बस टर्मिनल भित्र सवारी साधन राख्न अवरोध हुने गरी जथाभावी काउण्टर राख्न इजाजत दिने, व्यवसाय सञ्चालन गर्ने तथा बहुतल्ले पार्किङ् भवन निर्माण हुने कार्यप्रति प्रालिको गम्भीर रुपमा ध्यानआकर्षण भएकोले उक्त स्थानमा विगतको योजना तथा प्रयोजनविपरीत कुनै पनि कार्य तथा भौतिक संरचना निर्माण नगर्न बुटवल उप-महानगरपालिकालाई अनुरोध गरेको छ ।

» बाँकी ३ पेजमा

# गौतमबुद्ध विमानस्थलमा 'ब्यागेज ह्यान्डलिङ सिस्टम' सुरु




**मोहम्मद हबिब**
*भैरहवा*

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक आगमन कक्षमा स्वचालित ब्यागेज ह्यान्डलिङ सिस्टम जडान भई सुचारु भएको छ। चालु आर्थिक वर्षको कार्यक्रमअनुसार सार्वजनिक खरिद नियमावली बमोजिम अन्तर्राष्ट्रिय बोलपत्रमार्फत् २ करोड ६९ लाख रुपैयाँ भ्याटसहितको लागतमा यो प्रणाली जडान गरिएको हो ।

सेवा र सुविधामा थप सुधार गर्दै विमानस्थल प्रशासनले प्रणाली सुचारुसँगै अब यात्रुले जहाजमा ल्याएको व्यागेज सहजै पाउने छन्, कर्मचारीले वितरण गर्नुपर्ने अवस्था रहँदैन । स्वचालित ब्यागेज ह्यान्डलिङ सिस्टमको नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक देवचन्द्रलाल कर्णले स्वीच थिचेर उद्घाटन गरेका हुन् । बिहान आएको यती र बुद्ध एयरबाट यात्रुका ब्यागेज सिस्टममा राखि सुरुवात गरिएको हो ।

यसअघि सानो कोरिडोरबाट सेवा दिंदै आएको आन्तरिक आगमनलाई पुरानो भवन रिनोभेट गरी विस्तार गरिएको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका निमित्त महाप्रबन्धक श्यामकिशोर साहले बताए । एक हजार किलोसम्मको लोड टेस्ट सफल भइसकेको यो नयाँ प्रणालीले एकैपटक तीनवटा उडानका ब्यागेजहरू बिना ढिलाइ व्यवस्थापन गर्न सक्ने क्षमता राख्दछ, स्वचालित तरिकाले नै हामीले ब्यागेज डिस्ट्रिब्युसन गर्न सक्छौं ।

पहिले हामी डोमेस्टिक एराइभलतर्फ हाम्रो इन्टरनेसनल डोमेस्टिक डिपार्चरसँगै सानो कोरिडोर थियो । त्यसलाई हामी अर्को तिर पुरानो बिल्डिङहरुमा रिनोभेट गरेर त्यहाँबाट अलि ठूलो ठाउँमा सञ्चालन गर्यौं । अहिले त्यहाँ ब्यागेज ह्यान्डलिङ सिस्टम पनि जडान गरेर ल्यायौं । रसाथै, उक्त क्षेत्रमा केही दिनभित्रै एसी जडानका लागि ठेक्का प्रक्रिया समेत सम्पन्न भइसकेको निमित्त महाप्रबन्धक साहले जानकारी दिए ।

५ दशक बढीदेखि पुरानो संरचनामा रहेको विमानस्थलको आन्तरिकतर्फ आगमन, प्रस्थान र भिआइपी कक्ष एकै ठाउँमा हुँदा असहज स्थिति बनेपछि आगमन कक्षलाई केहीसमय पहिला सेवा सुविधा थप्दै स्तरोन्नति गरी अत्याधुनिक बनाइएको थियो । विमानस्थल आन्तरिकबाट अन्तर्राष्ट्रिय बनेपनि आन्तरिकतर्फको संरचनाहरु अपग्रेड हुन नपाउँदा सेवाग्राहीले सास्ती पाउने गरेका थिए ।

भैरहवाबाहेक मुलुकका धनगढी, नेपालगञ्ज, जनकपुर र विराटनगर विमानस्थलमा यस्तो प्रविधि जडान गरिएको छ । यसले आगमन कक्ष व्यवस्थित हुनुका साथै यात्रुलाई सुविधा पुग्ने गरेको निमित्त महाप्रबन्धक साहले जानकारी दिए ।

विमानस्थलका सूचना अधिकारी विनोद रावतका अनुसार आन्तरिकतर्फ एक वर्ष ८-९ लाख बढी यात्रुहरुलाई सेवा दिँदै आएको र यो तथ्याङ्क बढ्दो रहेको बताउँदै यहाँबाट नियमित सरदरमा २० वटा उडान हुने गरेको जनाए । जसमा ३ वटा एयरलाइन्समार्फत् एक वटा पोखरा र बाँकी काठमाडौं उडान हुँदै आएको छ ।

» बाँकी ३ पेजमा



# सम्पादकीय

## मूल्यवृद्धिले निम्त्याउने समस्या

पश्चिम एसियामा एक महिनादेखि जारी युद्धको चौतर्फी प्रभाव देखिन थालेको छ । हवाई यातायातको भाडा दोब्बर बढेको छ। यातायात भाडा बढाउन व्यवसायीले दबाब दिइरहेका छन् । इन्धनको निरन्तरको मूल्यवृद्धिले अब बजारमा चौतर्फी असर पर्नेछ।

हवाई इन्धनको मूल्य ९८ प्रतिशतले बढेपछि आन्तरिकमा हवाई उडानको भाडा समेत झण्डै दोब्बरले वृद्धि हुँदा अब हवाइजहाजमा यात्रु पाउन समस्या देखिन्छ। हवाइ भाडाअन्तर्गत फ्यूल सर चार्ज बढ्दा सबैभन्दा धेरै हवाइ भाडा काठमाडौं-धनगढी रूटको पुगेको छ। नयाँ दरअनुसार काठमाडौं- धनगढी रूटको भाडाअन्तर्गत फ्यूल सर चार्ज एकैपटक ५४ सय ८० रुपैयाँले बढेको छ। मंगलबारसम्म वायुसेवा कम्पनीले यो रुटको टिकटअन्तर्गत इन्धनमा लाग्ने शुल्क ( फ्यूल सर चार्ज) ५६ सय १० रुपैयाँ मात्रै थियो । अब धनगढीको हवाई भाडामा फ्यूल सर चार्ज मात्रै ११ हजार ९० पुगेको छ। यसमा एयर फेयर र विमानस्थल सेवा शुल्क अलग्गै तिर्नुपर्ने छ। काठमाडौं- भैरहवा रुटमा २५ सय ५५ रुपैयाँले वृद्धि भई ५१ सय ७० पुगेको छ। तर अहिले नै योभन्दा धेरै भाडा निजी विमान कम्पनीले असुली रहेका छन् । डिजेल र पेट्रोलको पनि निरन्तर मूल्यवृद्धि भएको छ। अब यातायात भाडा पनि बढ्ने छ। बजारमा दैनिक उपभोग्य बस्तुको मूल्य चुनावपछि निरन्तर बढिरहेको छ। अब नागरिकका कष्टकर दिन आए। नागरिकको आम्दानी बढ्न नसकिरहेका बेला भएको मूल्यवृद्धिले सबैभन्दा असर न्यून र मध्यमवर्गलाई पार्नेछ।

भर्खरै चुनाव भएको छ। चुनावपछि आएको नयाँ सरकारसँग नागरिकका धेरै अपेक्षा छन् । चुलिएका नागरिकका अपेक्षा पूरा गर्न सरकारलाई स्रोत जुटाउन चुनौती छ। अहिले तत्काल गर्नुपर्ने काम हो, बजारलाई नियन्त्रणमा राख्नु । बजारमा व्यवसायीले आफूखुशी मूल्यवृद्धि गर्ने प्रवृत्ति बढ्दै गएको छ। बजारमा खाना पकाउने एलपी ग्यास कालोबजारी भइरहेको छ। बुटवलमा जिल्ला प्रशासन कार्यालय र बुटवल उप-महानगरपालिकाको अगुवाइमा भएको अनुगमनले कालोबजारी गर्नेलाई जरिवाना गरेको छ। तर अन्यत्र ग्यासमा कालो बजारी भएको समाचार आइरहेका छन् ।

बजारमा मनपरी हुँदा सर्वसाधारणलाई मार पर्छ । सरकारले मूल्यवृद्धि आफूखुशी गर्न दिने होइन्, जायज ढंगले सरकारी निकाय नै अग्रसर हुनुपर्छ । पश्चिम एशियाको युद्धका कारण हामीले भोग्नपर्ने समस्याका बारेमा सरकार चनाखो हुनुपर्छ । अहिलेदेखि नै योजना बनाएर अघि बढ्दा जोखिमसँग जुध्न सकिन्छ।

# आइजीपीको आँसुमा लुकेको रहस्य !



ईन्द्रप्रसाद भुसाल

सुरक्षा निकायलाई युग सुहाउँदो अत्याधुनिक हातहतियार, यन्त्र, उपकरण, प्रविधिले सुसज्जित गर्दै सुरक्षाकर्मीको क्षमता, दक्षता र मनोवनलाई सुदृढ बनाउनु नेतृत्वको प्रमुख जिम्मेवारी हो। अब सुरक्षा समयन्त्र मा सुधार, आत्ममूल्याङ्कन र जिम्मेवारी ग्रहण गर्ने समय आएको छ । सुरक्षाकर्मीको अनुशासन, राष्ट्रको शान्ति सुरक्षा स्थायित्व र सुरक्षाप्रतिको विश्वास अबको सरकारले ग्यारेन्टी गर्नुपर्ने देखिन्छ।



"जब 'बर्दी' भित्रको मान्छे रोयो, अनि उपस्थित सिङ्गो सङ्गठनले ताली बजायो" ! यो वाक्य केवल भावनात्मक अभिव्यक्ति मात्र होइन यसले हाम्रो राज्य संयन्त्रको गहिरो यथार्थ झल्काउने एउटा सशक्त प्रतीक देखाउँछ । साँच्चै राष्ट्रले प्रहरीलाई सौतेलो व्यवहार गरेको हो ? प्रहरी संगठनमा डीएसपीभन्दा तल्लो दर्जाका अधिकांश प्रहरीहरूले राज्य सामु आफ्ना दुःख सुनाएको वर्षौं भइसक्यो । यसपटक त बर्दी र रासनको सवालमा नेपाल प्रहरीका प्रमुख नै भक्कानिँदा, जब सिङ्गो उपस्थितिले उभिएर तालीको गडगडाहटले समर्थन जनायो, तब साँच्चिकै राज्यले प्रहरी संगठनमाथि अन्याय गरेको छताछुल्ल भएर पोखियो। प्रहरी प्रमुखको आँसुले साँच्चै नै सिङ्गो प्रहरी संगठनको थकान, पीडा र असहयोगको बेदना देखाउँछ।

प्रहरी भनेको राज्यको सबैभन्दा संवेदनशील अंग हो, जसले नागरिकको शान्ति सुरक्षा सुनिश्चित गर्ने जिम्मेवारी बोकेको हुन्छ। तर विडम्बना के छ भने त्यही प्रहरी प्रशासन, जसले रातदिन निद्रा, भोक, प्यास नभनी हरेक पल जिम्मेवारीमा खटिन्छ, न चाडपर्व, न घरपरिवार भन्दै कर्तव्यमा जुट्छ, त्यती मात्र नभएर प्रहरीलाई खाजा, खाना र बर्दीको लागि राज्य सामु रुनु पर्छ भने, त्यो अवस्था केवल व्यक्तिगत कमजोरी सम्पूर्ण राज्य प्रणालीको असफलताको प्रतिविम्ब हो। यस्तो अवस्थामा कमजोर मनस्थितिका प्रहरीबाट सरकारले शान्ति सुरक्षा, दङ्गा नियन्त्रण र आन्दोलनलाई व्यवस्थित गर्न के सहयोगको अपेक्षा गर्नु ? जेनजी आन्दोलनको बेला आफ्नै बर्दी र हतियारसम्म जोगाउन नसक्ने प्रहरी कसरी शान्ति सुरक्षा कायम गर्न सक्छ ? बर्दी र हतियारसम्म सुरक्षा गर्न नसक्ने हाम्रा सुरक्षा निकाय र कमजोर हुँदै गएको सुरक्षा संयन्त्रको जिम्मेवारी पनि शासकीय नेतृत्वले लिनुपर्छ। प्रहरि प्रशासनमाथि थोपरिएका प्रश्नहरू केवल आलोचना मात्र नभै सिङ्गो सुरक्षा समयन्त्रको सुधारको माग हो। नेपालका सुरक्षा निकायहरू सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी अहिले गम्भीर संस्थागत संकटको चपेटामा परेका छन्। यो संकट केवल स्रोतसाधन, जनशक्ति वा नीतिगत कमजोरीको कारण मात्र होइन । यसको मूल जरो नै नेतृत्वमा फैलिएको कमिसन, घूस र स्वार्थी राजनीतिक हस्तक्षेपमा हो। जब संस्थाको मेरुदण्ड नै भ्रष्टाचारले थलिन्छ, त्यतिबेला बाह्य चुनौतीभन्दा भित्री कमजोरी ठुलो खतरा बन्छ।

आज सुरक्षा निकायको प्रमुख नेतृत्व पङ्क्तिमा पुग्न चाहनेले अनिवार्य रूपमा "खोका (घुस) बुझाउनैपर्ने" बाध्यता भोगिरहेका छन् भन्ने गम्भीर आरोपहरू बारम्बार उठिरहेका छन् । पदोन्नति, जिम्मेवारी र कार्यसम्पादन मूल्याङ्कन सबै कुराको मापन पैसा र राजनीतिक पहुँचले हुने भएपछि योग्य र इमानदार कर्मचारीहरू निराश बन्न बाध्य हुनु स्वभाविक नै हो । परिणाम स्वरूप संस्थाभित्र असन्तुष्टि, नैतिक पतन र कार्यक्षमताको ह्रास तीव्र रूपमा बढनु स्वभाविक हो । यसले प्रहरीको मनोबल मात्र होइन, जनताले राखेको विश्वाससमेत कमजोर बनाइरहेको छ।

हजारौं सुरक्षाकर्मीहरू पारिवारिक दायित्व र जीविकोपार्जनको बाध्यताले नुनको सोझो गर्दै जागिरमा टिकिरहेका छन् । उनीहरू आफ्नो कर्तव्यबाट पछि हटेका त छैनन्, तर प्रणालीले उनीहरूलाई साथ दिन सकेको छैन, उनिहरूमा उर्जा छैन । नेतृत्वमा पुग्नेहरूले बुझाएको घूस फिर्ता उठाउनुपर्ने बाध्यताले संस्थाभित्रका बजेटीय खर्चहरूमा दुरूपयोग बढेको छ । तालिम, पोशाक र खानाको गुणस्तरमा लापरबाही बढ्दै गएको छ । यस्तो अवस्थाले प्रहरीको कार्यक्षमता मात्र होइन, उनीहरूको आत्मसम्मानसमेत घटाउँदै लगेको छ।

शान्ति सुरक्षा संयन्त्र जस्ता संवेदनशिल सङ्गठनमा हुने गरेका राजनीतिक हस्तक्षेप र गलत अभ्यासहरूको प्रत्यक्ष असर अहिले देखिन थालिसकेको छ । कुनै दङ्गा, फसाद वा विपद् परिस्थितिलाई नियन्त्रण गर्न सुरक्षाकर्मीहरू असक्षम देखिनु दीर्घकालीन व्यवस्थागत पतनको संकेत हो । अझ चिन्ताजनक कुरा त के छ भनेयस अवस्थाको जिम्मेवारी लिन सुरक्षा प्रमुखहरू स्वयं तयार देखिँदैनन् । जब उत्तरदायित्वको अभाव हुन्छ, सुधारको सम्भावना पनि क्षीण हुँदै जान्छ । नेपालको सुरक्षा संयन्त्रको वर्तमान अवस्था केवल आन्तरिक कमजोरी मात्र होइन, यो राष्ट्रिय सुरक्षामाथिको गम्भीर खतरा को सङ्केत पनि हो । सुरक्षा निकायहरू नै कमजोर बन्दै गए भने त्यसको प्रत्यक्ष असर देशको स्थायित्व, विकास र लोकतान्त्रिक व्यवस्थामाथि पर्नेछ । नागरिकले सुरक्षाप्रति विश्वास गुमाए भने राज्यप्रतिको आस्था पनि कमजोर हुन्छ।

यसैले अब सुधारको सुरुवात नेतृत्वको शुद्धिकरणबाट हुनैपर्छ । पारदर्शी र निष्पक्ष पदोन्नति प्रणालीको स्थापना, कार्यसम्पादनमा आधारित मूल्याङ्कन, राजनीतिक हस्तक्षेपको अन्त्य र संस्थागत आचारसंहिताको कडाइका साथ कार्यान्वयन अत्यावश्यक छ । सुरक्षाकर्मीहरूको आधारभूत आवश्यकता बर्दी, खाना, आवास र तलब तथा तालिमलाई सम्मानजनक बनाउनु राज्यको पहिलो दायित्व हो । प्रहरी संगठनलाई केवल आदेश पालना गर्ने संयन्त्रका रूपमा मात्र लिनु हुँदैन । सिङ्गो सुरक्षा समयन्त्रलाई एक पेशागत र सम्मानित संस्थाका रूपमा विकास गर्दै स्वतन्त्र बनाउन जरुरी छ। जबसम्म प्रहरीलाई सम्मान, सुरक्षा र आवश्यक स्रोत उपलब्ध गराइँदैन, तबसम्म उनीहरूबाट उच्चस्तरको सेवा अपेक्षा गर्नु अन्याय हुनेछ । राज्यले आफ्ना सुरक्षाकर्मीहरूलाई मजबुत बनायो भने मात्र राष्ट्र बलियो ।

अन्ततःआइजीपीको आँसु केवल एक व्यक्तिको भावनात्मक प्रतिक्रिया नभै सिङ्गो सङ्गठनभित्रको पीडाको अभिव्यक्ति हो । त्यो आँसुमा लुकेको रहस्य बुझ्न सकिएन भने भोलिका दिनमा अझ गम्भीर संकटहरू देखा पर्न सक्छन्। सुरक्षा निकायलाई युग सुहाउँदो अत्याधुनिक हातहतियार, यन्त्र, उपकरण, प्रविधिले सुसज्जित गर्दै सुरक्षाकर्मीको क्षमता, दक्षता र मनोवनलाई सुदृढ बनाउनु नेतृत्वको प्रमुख जिम्मेवारी हो । अब सुरक्षा समयन्त्र मा सुधार, आत्ममूल्याङ्कन र जिम्मेवारी ग्रहण गर्ने समय आएको छ । सुरक्षाकर्मीको अनुशासन, राष्ट्रको शान्ति सुरक्षा स्थायित्व र सुरक्षाप्रतिको विश्वास अबको सरकारले ग्यारेन्टी गर्नुपर्ने देखिन्छ।

(लेखक न्यू होराइजन कलेजका प्राध्यापक हुन्)

# नेप्से परिसूचकमा ७४ अङ्कको गिरावट



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार ७४ दशमलव ७३ अङ्कले घटेर दुई हजार ७७६ दशमलव ३६ को बिन्दुमा कायम भएको छ। यो दुई दशमलव ६२ प्रतिशतको गिरावट हो।

३४७ कम्पनीको तीन करोड दुई लाख ९२ हजार ४५२ कित्ता शेयर एक लाख २३ हजार ७३० पटक खरिदबिक्री हुँदा रु १२ अर्ब १० करोड ९५ लाख २५ हजार ५६१ बराबरको कारोबार भएको छ।

कारोबारमा सबै समूहको उपसूचक घटेको छ । बैंकिङ दुई दशमलव ३१, विकास बैंक तीन दशमलव १८, वित्त तीन दशमलव शून्य तीन, होटल तथा पर्यटन दुई दशमलव १२, जलविद्युत् दुई दशमलव ८१, लगानी दुई दशमलव ६७ र जीवन बिमा दुई दशमलव शून्य दुई प्रतिशतले घटेको छ । त्यस्तै, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ३९, लघुवित्त एक दशमलव ९९, म्युचुअल फण्ड शून्य दशमलव ९७, निर्जीवन बिमा दुई दशमलव २२, व्यापार तीन दशमलव ९६ र अन्य समूह पाँच दशमलव २६ प्रतिशतले घटेको छ।

कारोबारमा रिलाइन्स स्पिनिङ मिल्स लिमिटेड र सुपर खुदी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको शेयर मूल्य नौ दशमलव ८४ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा बढी हिमालयन रिइस्योरेन्स लिमिटेडको रु ७१ करोड ३१ लाख २६ हजार ६४४ बराबरको कारोबार भएको छ भने कारोबार भएका शेयर संख्याका आधारमा कुमारी बैंक लिमिटेडको १८ लाख ८२ हजार २०९ बराबरको कारोबार भएको छ।

# हेपाटाइटिस के हो,यसबाट कसरी जोगिन सकिन्छ ?

संसारका लाखौँ मानिसले थाहै नपाई हेपाटाइटिस रोग बोकेर हिँडिराखेको ठानिएको छ। त्यसैले स्वास्थ्य निकाय र दातृसंस्थाहरूले धेरैभन्दा धेरै मानिसहरूलाई हेपाटाइटिसको परीक्षण गराउन भनेका छन् । सधैँ झैँ यो वर्ष पनि २८ जुलाईमा विश्व हेपाटाइटिस दिवस मनाइएको छ । यस अवसरमा यो क्षेत्रमा काम गर्दै आएका संस्थाहरूको मूल सन्देश नै हेपाटाइटिसको परीक्षण गराऔँ भन्ने थियो।

यो रोग बर्सेनि दश लाखभन्दा धेरै मानिसको मृत्युको कारक बन्दै आएको तथ्याङ्क छ। पछिल्ला वर्षहरूमा यो संख्या झन् बढ्दैछ।

**हेपाटाइटिस के हो र यो किन खतरनाक छ ?**

हेपाटाइटिस भनेको कलेजोमा समस्या हुनु हो। यो समस्या हुँदा कलेजो सुन्निन्छ। यो प्रायसः भाइरल सङ्क्रमणको कारक पनि हो।

यसले कलेजोको क्यान्सर गराउन सक्ने मात्रै होइन कलोजोले कामै गर्न नगर्ने अवस्था निम्त्याउन वा अन्य कलोजोसम्बन्धी रोग पनि पैदा गर्न सक्छ।

हेपाटाइटिस भाइरसलाई 'ए' देखि 'ई'सम्म पाँच प्रकारमा वर्गीकरण गरिएको छ। हेपाटाइटिस 'बी' र 'सी' सबैभन्दा क्षति पुऱ्याउन सक्ने प्रकृतिका मानिन्छन् । विश्व स्वास्थ्य सङ्गठन(डब्ल्यूएचओ)को अनुमानमा यसबाट संसारभर प्रतिवर्ष १३ लाख मानिसको मृत्यु हुने गरेको छ। यसको अर्थ प्रत्येक ३० सेकेन्डमा एक जनाको मृत्यु हुन्छ भन्ने हो।

**हेपाटाइटिस कति फैलिएको छ ?**

डब्ल्यूएचओको अनुमानमा पच्चीस करोड चालीस लाख मानिस दीर्घकालीन हेपाटाइटिस 'बी' र पाँच करोड मानिस दीर्घकालीन हेपाटाइटिस 'सी'सहित बाँचिरहेका छन्। उसका अनुसार प्रत्येक वर्ष यो रोगका २० लाख नयाँ बिरामी थपिइराखेका छन्।

**हेपाटाइटिस 'बी'को असरबारे डब्ल्यूएचओ भन्छ :**

डब्ल्यूएचओको पश्चिम प्यासिफिक क्षेत्रअन्तर्गत चीन, जापान र अस्ट्रेलियामा मात्रै ९ करोड ७० लाख मानिस दीर्घकालीन रूपमा सङ्क्रमित छन् । अफ्रिकामा ६ करोड पचास लाख मानिस सङ्क्रमित छन्।

डब्ल्यूएचओको दक्षिणपूर्वी एसिया क्षेत्र (भारत, थाइल्याण्ड र इन्डोनेसियासहितका) मा ६ करोड १० लाख मानिस सङ्क्रमित छन्। डब्ल्यूएचओका अनुसार हेपाटाइटिस 'ई'बाट विश्वभर प्रत्येक वर्ष २ करोड मानिस सङ्क्रमित हुने गरेका छन्। सन् २०१५ मा एक वर्षको अवधिमा यो रोगबाट ४४ हजारजनाको मृत्यु भएको थियो । दक्षिण तथा पूर्वी एसियामा यो रोग धेरैलाई लागेको छ।

**तपाईँलाई कसरी हेपाटाइटिस हुन सक्छ ?**

हेपाटाइटिस 'ए' सामान्यतयाः दिसाले दूषित बनेको खानेकुरा वा पिउने पानीबाट सर्ने गर्छ। यो सङ्क्रमित व्यक्तिसँगको सिधा सम्पर्कबाट पनि सर्न सक्छ।

निम्न र मध्यम आययुक्त देशहरूमा सरसफाइको स्थिति राम्रो नहुने भएकाले त्यहाँ यो सामान्य हो।

हेपाटाइटिस 'ए'का लक्षणहरू छिटै हराउँछन् र प्रायशः सबैजसो मानिस यसबाट निको हुन्छन् । तै पनि यसले कलेजोलाई निस्क्रिय बनाएर बिरामीको ज्यानै लिन सक्छ।

दूषित पानी र खानेकुरा प्रयोग हुने ठाउँमा यसले महामारीको रूप लिन सक्छ । सन् १९९८ मा चीनको साङ्घाईमा हेपाटाइटिस 'ए'को महामारी फैलिँदा तीन लाख मानिस सङ्क्रमित भएका थिए।

**हेपाटाइटिस 'बी' सबैभन्दा धेरै सर्छ :**

जन्म वा प्रसवका क्रममा आमाबाट शिशुलाई सर्छ

बालबालिकाको आपसी सम्पर्कबाट सर्छ

दूषित सियो वा सुई प्रयोग गर्दा, ट्याटू बनाउँदा, शरीरका अङ्गहरू छेड्दा वा सङ्क्रमणयुक्त रगत वा शरीरबाट निस्कने तरल पदार्थ (जस्तै शारीरिक सम्पर्क) बाट पनि यो रोग सर्छ

हेपाटाइटिस 'सी' र 'डी' पनि सङ्क्रमणयुक्त रगत (जस्तै सङ्क्रमणयुक्त रगत चढाउँदा वा सुई प्रयोग गर्दा) बाट फैलिन सक्छ । हेपाटाइटिस 'बी'को सङ्क्रमण भएको व्यक्तिमात्रै हेपटाइटिस 'डी'बाट सङ्क्रमित हुन सक्छन् । खासगरी हेपाटाइटिस 'बी'को दीर्घकालिन सङ्क्रमण भएका र गम्भीर सङ्क्रमण भएका लगभग पाँच प्रतिशत मानिसलाई यस्तो हुन्छ।

हेपाटाइटिस 'ई'ले पनि दूषित खानेकुरा वा पानीकै माध्यमबाट सङ्क्रमित तुल्याउँछ। दक्षिण र पूर्वी एसियामा अति सामान्य रहेको यसले विशेषगरी गर्भवति महिलालाई क्षति गर्न सक्छ।

**हेपाटाइटिस भएको कसरी थाहा पाउने ?**

**डब्ल्यूएचओका अनुसार यसका लक्षणहरू यस्ता हुन्छन्**

:ज्वरो

थकाइ लाग्ने

भोक नलाग्ने

पखाला लाग्ने

वाकवाकी लाग्ने

पेट वरपर दुख्ने

गाढा रङको पिसाब र पहेँलो दिसा आउने

जन्डिस देखा पर्ने (शरीर पहेँलो र आँखा सेतो हुने)

तथापि धेरैजसो मानिसहरूमा यसको सामान्य लक्षण मात्र देखिन्छ र कतिपयमा त्यो पनि देखिँदैन।

डब्ल्यूएचओको सन् २०२२ को ताजा तथ्याङ्कका अनुसार विश्वभरमा दीर्घकालीन हेपाटाइटिस 'बी'बाट सङ्क्रमितमध्ये १३ प्रतिशत र हेपाटाइटिस 'सी'बाट सङ्क्रमितमध्ये ३६ प्रतिशतको मात्रै निदान भएको छ।

मुख्य खतरा भनेकै थाहै नपाइकन यसको सङ्क्रमण बढ्न सक्नु हो । त्यसैले डब्ल्यूएचओ र स्वास्थ्यसम्बन्धी दातृसंस्थाले धेरैभन्दा धरै मानिसहरूलाई हेपाटाइटिसको परीक्षण गराउन अनुरोध गरिराखेका हुन्।

**हेपाटाइटिसको परीक्षण र उपचार के के हुन् ?**

तपाईँ आफ्ना पारिवारिक चिकित्सक वा यौनस्वास्थ्य क्लिनिकमा गएर हेपाटाइटिस 'ए', 'बी' र 'सी'को जाँच गर्न सक्नु हुन्छद।

हेपाटाइटिस 'ए'को कुनै निश्चित उपचार छैन। तथापि अधिकांश मानिसहरू छिटै यसबाट निको हुने गर्छन् र प्रतिरोधात्मक क्षमताको विकास गरिहाल्छन्।

दीर्घकालीन हेपाटाइटिस 'बी' र हेपाटाइटिस 'सी' दुबैको एन्टिभाइरल एजेन्टमार्फत् उपचार गर्न सकिन्छ । त्यसले सिरोसिसको गतिलाई सुस्त बनाइदिन्छ र कलेजोको क्यान्सर हुने जोखिमलाई पनि घटाइदिन्छ।

हेपाटाइटिस 'ए' र 'बी'बाट जोगिन खोपहरू उपलब्ध छन् । नवजात शिशुलाई हेपाटाइटिस 'बी'को खोप दिँदा यसले आमाबाट सरेर आउन सक्ने रोगबाट जोगाउँछ र हेपाटाइटिस 'डी'का निम्तिसमेत रक्षाकवचको काम गर्छ।

हेपाटाइटिस 'सी'को खोप छैन भने हेपाटाइटिस 'ई'को खोप हाल सबैतिर उपलब्ध छैन।

**डब्ल्यूएचओका अनुसार हेपाटाइटिस 'ए' फैलिन नदिन निम्नानुसारको कार्य गर्न सकिन्छ :**

खाना खानुअघि र शौचालयको प्रयोग गरेपछि राम्ररी हात धुनु पर्छ।

समुदायमा सुरक्षित पिउने पानीको पर्याप्त आपूर्ति हुनु पर्छ।

ढलको उचित व्यवस्थापन हुनु पर्छ।

**डब्ल्यूएचओका अनुसार हेपाटाइटिस 'बी', 'सी' र 'डी'बाट जोगिन यसो गर्न सकिन्छ :**

सुरक्षित यौन सम्पर्क गर्न, कन्डोमको प्रयोग गर्ने र सकेसम्म थोरै व्यक्तिसँग शारीरिक सम्पर्क राख्ने।

औषधी लिँदा, ट्याटू वा पिअर्सिङ(छेड्ने कार्य) गर्दा अर्काले प्रयोग गरेको सुई वा सियो प्रयोग नगर्ने।

हेपाटाइटिस 'बी'को हकमा- रगत, शरीरबाट निस्कने तरल पदार्थ वा प्रदुषणयुक्त सतहको सम्पर्कमा आएको खण्डमा राम्ररी हात धुने।

हेपाटाइटिस 'बी'का हकमा- तपाईं वयस्क र स्वास्थ्यकर्मी हुनुहुन्छ भने खोप लगाउने, किनकि जन्मको समयमा दिइने खोपको प्रभाव २० वर्षसम्म मात्रै रहन सक्छ।

सरसफाइको राम्रो अभ्यास गरेर पनि हेपाटाइटिस 'ई' बाट जोगिन सकिन्छ। त्यस्तै जनावरका कलेजोलाई राम्ररी पकाएर मात्रै खाने गर्नुपर्छ। खासगरी बङ्गुरको कलेजो खाँदा पकाउनमा अधिक ध्यान दिनुपर्छ।

बीबीसीबाट

# प्रगती माविलाई आइएसओ प्रमाण पत्र



कञ्चन रुपन्देहीको कञ्चनमा सञ्चालित कञ्चनकै एकमात्र नमुना विद्यालय श्री प्रगती माध्यमिक विद्यालयले अन्तर्राष्ट्रिय मानकीकरण संगठन आइएसओ प्रमाणित पत्र प्राप्त गर्न सफल भएको छ विद्यालयले ५० वटा विभिन्न सूचकहरु पार गर्दै आइएसओ प्रमाणित पत्र प्राप्त गर्न सफल भएको हो

आइएसओ प्रमाणित पत्र हस्तान्तरण कार्यक्रममा बधाई ज्ञापन गर्दै कञ्चन गाउँपालिकाका अध्यक्ष नवराज ढकालले कञ्चनको सामुदायिक विद्यालयहरु मध्ये छोटो समयमै शैक्षिक क्षेत्रमा विभिन्न सफलता प्राप्त गर्दै आइएसओ प्रमाणित पत्र पाउन सफल भएको र यसले कञ्चनको मात्र नभई रुपन्देहीको शिक्षामा नयाँ आाम थप्ने विश्वास व्यक्त गरेका थिए

यसैगरी कञ्चन गाउँपालिकाका उपाध्यक्ष मौसमी थापा मगरले प्रगती माविले कञ्चनको शैक्षिक इतिहासमा अन्तराष्ट्रियस्तरको मानक भित्र आफूलाई शिक्षामा गुणस्तर कायम राख्नमा अझ थप जिम्मेवारी पाएको बताइन् यसैगरी कञ्चन गाउँपालिकाका निवर्तमान अध्यक्ष गोकर्णबहादुर क्षेत्रीले कञ्चनको सामुदायिक विद्यालयहरुमा प्रगती मावि र संस्थागत विद्यालयहरुमा मोर्डन भिजन एकेडेमीले अन्तर्राष्ट्रिय मानकीकरण संगठन (आइएसओ) प्रमाणित विद्यालयको रुपमा प्रमाण पत्र पाउन सफल भएको बताए अन्तर्राष्ट्रिय मानकीकरण संगठन (आइएसओ) नेपालका प्रतिनीधि सुदिप शर्माले क्ष्क्इ का सम्पूर्ण सूचकहरु पार गरी छोटो अवधीमा आइएसओ प्रमाणित पत्र प्राप्त गर्ने नेपालकै दोश्रो विद्यालयको रुपमा कञ्चनको प्रगती माध्यमिक विद्यालय बन्न सफल भएको समेत उद्घोष गर

विद्यालयका प्रधानाध्यापक गणेश पौडेलले स्वागत गर्दै विद्यालयलाई आइएसओ प्रमाणित संस्थाको रुपमा स्थापित गर्न सहयोग गर्ने शिक्षक, कर्मचारी, विद्यार्थी अभिभावक, जनप्रतिनिधि व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीलगायत सरोकारवाला सबैलाई धन्यवादसहित बधाई समेत व्यक्त गरेका थिए

यस्तै कार्यक्रमको अध्यक्षता गर्दै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चुडामणी पौडेलले प्रगती मावि अब नामले मात्र होइन काम र व्यवहारले समेत शैक्षिक गुणस्तरमा निकै अब्बल भएको र विद्यालयका अभिभावक, विद्यार्थी, शिक्षक कर्मचारी र व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ पदाधिकारीहरु समेत विद्यालयको शैक्षणिक कार्यकलाप प्रति निकै सजग र सचेत भएको उल्लेख गरेका थिए

विद्यालयका सहायक प्रधानाध्यापक सरोज भट्टराईको सञ्चालनमा भएको कार्यक्रममा कञ्चन गाउँपालिका वडा नं. १ का वडा अध्यक्ष हरिनारायण थारु, कार्यपालिका सदस्य चित्रलाल तुलाचनलगायतले समेत बधाई व्यक्त गरेका थिए

# नवलपरासीमा राष्ट्रिय आर्थिक गणना हुने




**गौरीशंकर जयसवाल**

*परासी*

पश्चिम नवलपरासीमा राष्ट्रिय आर्थिक गणना सञ्चालन हुने भएको छ। जिल्ला आर्थिक गणना कार्यालय नवलपरासीले २०८३ साल बैशाख २ गतेदेखि असार ७ गतेसम्म राष्ट्रिय आर्थिक गणना सञ्चालन गर्नेभएको हो।

उद्योग, प्रतिष्ठान, पसल कृषि वन तथा माछा पालन दर्ता भएका मात्र खानी तथा उत्खनन् औद्योगिक उत्पादनलगायत आर्थिक गणना गरिने जिल्ला आर्थिक गणना कार्यालय नवलपरासीका आर्थिक गणना अधिकारी यज्ञमूर्ति भण्डारीले जानकारी दिए। उनका अनुसार यसअघि २०७५ सालमा पहिलो पटक आर्थिक गणना भएको र जिल्लामा दोस्रो आर्थिक गणना गर्न लागिएको हो।

उद्योग, प्रतिष्ठान, पसलहरूको संकलन गरी अर्थतन्त्रको आकारलाई सुदृढ गरी थप विश्वसनीय बनाउने राष्ट्रिय तथा स्थानीयस्तरमा आर्थिक सम्भाव्यता पहिचान गर्ने, उद्योग तथा व्यवसायमैत्री सरकारी नीति योजनाहरू ल्याउने उद्देश्यले गणना हुने उनले बताए। गणनाको नतिजाले देशको आर्थिक र अन्य सामाजिक नीति निर्माण, योजना तर्जुमा र लक्ष्य निर्धारण तथा प्रगति मापनमा सहयोग पुग्ने विश्वास गरिएको छ।

गणनाका क्रममा वस्तु वा सेवा उत्पादन गर्नेहरूको विवरण संकलन हुनेछ।

आर्थिक क्रियाकलाप गर्ने प्रतिष्ठानहरूको विवरण सङ्कलन, प्रशोधन, विश्लेषण तथा प्रकाशन गर्नु नै गणनाको मुख्य उद्देश्य रहेको जिल्ला आर्थिक गणना कार्यालय नवलपरासीले जनाएको छ। आर्थिक गणना गर्न निम्ति गणक पनि छनौट गरिएको र जिल्लामा ७ सुपरीक्षवेक, गणक ५२ जना गरी ५९ जना कर्मचारी खटाउने आर्थिक गणना अधिकारी भण्डारीले जानकारी दिए।

त्यस्तै सुनवल नगरपालिकामा १२ जना, बर्दघाट नगरपालिकामा ११ जना, रामग्राम नगरपालिका १० जना ,पाल्हिनन्दन गाउँपालिकमा ४ जना, प्रतापपुर गाउँपालिकमा ६, सरावल गाउँपालिकमा ४ जना, सुस्ता गाउँपालिकमा ५ जना गणकहरू खटाइएको जिल्ला आर्थिक गणना कार्यालय नवलपरासीले जनाएको छ।

# अझै नियन्त्रणमा आएन दादुरा सङ्क्रमण



ढोरपाटन (बागलुङ)। बागलुङको ढोरपाटनमा दादुरा सङ्क्रमण अझै नियन्त्रणमा आउन सकेको छैन। गत फागुन ८ गते ढोरपाटन नगरपालिका-७, ८ र ९ मा दादुरा सङ्क्रमण फैलिएको थियो।

फागुन २९ गतेदेखि चैत २ गतेसम्म यस क्षेत्रका बालबालिका तथा किशोरकिशोरीलाई खोप लगाएपछि सङ्क्रमितको संख्यामा कमी आए पनि पूर्णरुपमा नियन्त्रणमा आउन भने सकेको छैन।

विश्व स्वास्थ्य सङ्गठन, प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ र स्थानीय तहका स्वास्थ्यकर्मीको टोलीले सङ्क्रमण नियन्त्रणका लागि प्रभावित क्षेत्रमा पुगेर अध्ययन गरी खोप अभियान चलाएको थियो।

खोप लगाएपछि दैनिक सङ्क्रमित हुनेको संख्या कम भए पनि पूर्णरुपमा नियन्त्रणमा आउन नसकेको प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख प्रवीण शर्माले जानकारी दिए।

उनका अनुसार ढोरपाटनसँगै तमानखोला गाउँपालिकाका दुई शङ्कास्पद बिरामी रहेका उनको भनाइ छ। हालसम्म १३ जनामा सङ्क्रमण पुष्टि भएको शर्माले जानकारी दिए।

दादुराको लक्षण देखिएका ३३ जनाको नमूना सङ्कलन गरी काठमाडौँस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाइएको उनको भनाइ छ।

हालसम्म पाँच हजार ९३४ जना १० देखि १९ वर्ष उमेर समूहका बालबालिका तथा किशोरकिशोरीलाई खोप लगाएको प्रदेश जनस्वास्थ्य कार्यालयका खोप सुपरभाइजर राजु खत्रीले जानकारी दिए।

हालसम्म २०५ शङ्कास्पद बिरामी छन्। हाल चार बिरामी अस्पतालमा उपचाररत छन्। तमानखोलामा शङ्कास्पद बिरामी देखिएपछि पश्चिम बागलुङका चारवटै पालिकामा खोप लगाउने योजना रहेको प्रदेश जनस्वास्थ्य कार्यालयले जनाएको छ।

## विनयी त्रिवेणी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
नवलपरासी(बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश,
नेपाल स्था : २०७३

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशन मिति: २०८२/१२/१९**

यस कार्यालयबाट विभिन्न मितिमा तपशिल बमोजिम कार्यको लागि आह्वान ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ।

**तपशिलः**

| सि.न. | बोलपत्र न. | आयोजनाको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क. र प्रोभिजनलसम सहित ) |
|---|---|---|---|---|
| 01 | 28/BTRM/ NCB/Goods/2082-083 | Procurement of Tractor and its accessories | TULSYAN TRACRORS, Adarshnagar, Birgunj-7 Parsa Nepal | रु. ५६,७८,२३५ |

**प्रमुख प्रशासकी अधिकृत**

**बस...**

बुटवल उप-महानगरपालिकामार्फत् व्यवस्था गरिएको लुम्बिनी बस टर्मिनल प्रयोग वापत लिइने शुल्क बसपार्क प्रयोग गर्नेले मात्र बुझाउनु पर्नेमा अन्य क्षेत्र तथा जिल्लाहरुबाट आएका, तर बसपार्क प्रयोग नगरेका सवारी साधनलाई समेत राष्ट्रिय राजमार्गमा रोकी जबरजस्ती रकम असुल्ने काम भैरहेको हुँदा अविलम्ब रोक्न प्रालिले माग गरेको छ।

बुटवल मैनाबगरस्थित अटो भिलेजमा सवारी मर्मत सम्भार तथा निर्माण गर्ने उद्देश्यका साथ वर्कशपहरु स्थापना भएता पनि उक्त क्षेत्रमा अन्य असम्बन्धित व्यवसायबाट अटो भिलेजको अस्तित्व संकटमा परिरहेको हुंदा त्यसतर्फ ध्यान दिन प्रालिले माग गरेको छ।

बुटवल क्षेत्रबाट सञ्चालन हुने सवारी साधनहरु प्राविधिक रुपमा सञ्चालन योग्य हुनुपर्ने भन्दै प्रालिले आगामी दिनमा उपमहानगरको सहकार्यमा लुम्बिनी बस टर्मिनलबाट छुट्ने सबै क्यूहरु छुट्नु पूर्व दक्ष प्राविधिकबाट सवारी चेकजाँच गराएर मात्र गन्तव्यमा पठाउने कार्यको थालनी गरिने हुँदा आवश्यक सहजीकरणका लागि प्रालिले माग गरेको छ। यसबाट दुर्घटना न्यूनीकरणमा सहयोग पुगी यात्रुमैत्री वातावरण बन्ने प्रालिका सञ्चालक रामचन्द्र भुसालले बताए। प्रालिमा दुई हजार २ सय बढी बस व्यवसायी आबद्ध छन्।

**गौतमबुद्ध...**

विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फ पनि नयाँ पहलहरू सुरु भएका छन्। थाइ एयरवेजले आउँदो विन्टर सेड्युलबाट पुनः उडान गर्ने प्रतिबद्धता जनाएको छ भने नेपाल वायुसेवा निगमको एउटा जहाजलाई भैरहवामै 'बेस' राख्ने तयारी भइरहेको छ।

मध्यपूर्वमा देखिएको संकटका बिच विदेशी वायुसेवाहरूलाई भैरहवालाई ट्रान्जिट वा बेस बनाएर अन्य मुलुक उडान भर्न सक्ने गरी 'फिफ्थ फ्रिडम' को सुविधा दिने तयारी समेत भइरहेको छ। यसैक्रममा खाडी मुलुकमा अलपत्र नेपालीहरूलाई ल्याउन आजै कुवेत एयरवेजले चार्टर्ड उडान गर्दैछ भने दमामबाट पनि अर्को उडानको प्रक्रिया अघि बढेको छ। नियमित र चार्टर्ड उडानमार्फत् विमानस्थललाई पूर्ण क्षमतामा चलाउन सरकारले छिट्टै विशेष निर्णय गर्ने अपेक्षा छ।

'अरु फ्लाइट उडान बढाउनको लागि हामीहरू नेपाल वायुसेवा निगमको एउटा जहाजको बेस नै यहाँ राख्ने, महानिर्देशकज्यू त्यसको लागि सक्रिय रूपमा लाग्नुभएको छ। र आशा छ नेपाल सरकारले केही निर्णय, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन सम्बन्धी केही निर्णयहरू चाँडै नै गर्नेछ। जसमा अरु वायुसेवा, अरु विदेशी वायुसेवाहरू जस्तो अहिले मिडिल इस्टमा संकट भएको छ।'-उनले भने। अहिले केही चार्टर्ड उडानहरू खाडी मुलुकमा अलपत्र परिरहेका नेपाली नागरिकहरू ल्याउनको लागि केही चार्टर्ड उडानहरू हुन गइराखेका छन्, जसमा बुधबार साझ कुवेतबाट कुवेत एयरवेजको जहाजले नेपाली नागरिकहरू लिएर आएको छ। दमामबाट पनि एउटा चार्टर्ड फ्लाइट प्रक्रियामा रहेको छ ।

## Madhyabindu Municipality
### Office of Municipal Executive
Madhyabindu-7, Chormara, Nawalparasi(East of Bardghat Susta)
Gandaki Province, Nepal

### Invitation for Bid

First Date of publication: 2026-02-25
Second Date of Publication : 2026-04-02

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost of Civil works and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following Civil work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount (With VAT& PS) | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 25/NCB/MB/ WORKS/ 2082/83 | Belahani Pokheral Tol Dekhi Khahare Tol Samma Bato & Jorte Girgire Sadak Kalopatre, Madhyabindu-12 | NCB-WORKS | 55,28,415.60 | 3000/- | 1,40,000.00 | 90 days/ 120 days after bid opening | 2026-04-17 12.00 | 2026-04-17 14.00 |
| 26/NCB/MB/ WORKS/ 2082/83 | Bhu.Pu. Gate dekhi Dakshin tarfa sadak Istharunatti, Madhyabindu-12 | NCB-WORKS | 48,49,895.89 | 3000/- | 1,20,000.00 | 90 days/ 120 days after bid opening | 2026-04-17 12.00 | 2026-04-17 14.00 |

**Chief Administrative Officer**

## ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सम्पर्कः
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# यादवनाथ आलोकको स्मृतिमा फुटसल प्रतियोगिता



बुटवल । रुपन्देहीको तिलोत्तमामा स्वर्गीय नेता यादवनाथ आलोकको स्मृतिमा फुटसल प्रतियोगिता हुने भएको छ ।

तरुण दल तिलोत्तमा नगर समिति र यादवनाथ आलोक स्मृति केन्द्रको संयुक्त आयोजनामा चैत २० र २१ गते भलबारीस्थित सनराइज स्पोर्ट्सको खेल मैदानमा प्रतियोगिता हुन लागेको हो । प्रतियोगितामा तिलोत्तमा नगरपालिकाका १७ वटै वडाका टिमको प्रतिनिधित्व गराइने तरुण दल तिलोत्तमाका सचिव अर्जुन क्षेत्रीले बताए ।

प्रतियोगिताको विजेता टिमले नगद ३० हजार तथा उपविजेता टिमले २० हजार रुपैयां, शिल्ड तथा प्रमाणपत्र प्राप्त गर्ने सचिव केसीले जानकारी दिए ।

यस्तै विधागत उत्कृष्ट खेलाडीहरुले नगद १५ सय रुपैयाँ पुरस्कार पाउने छन् । प्रतियोगितामा नाम दर्ताका लागि दुई हजार रुपैयाँ शुल्क राखिएको छ । प्रतियोगिताबारे जानकारी गराउन आयोजित पत्रकार सम्मेलनमा यादवनाथ आलोक स्मृति केन्द्रका अध्यक्ष हेमराज अर्यालले युवाहरुलाई खेलकुदमा जोड्न र प्रजातान्त्रिक आन्दोलनका योद्धा स्वर्गीय यादवनाथ आलोकको योगदान र स्मृति ताजा राख्न प्रतियोगिता आयोजना गरिएको बताए । तरुण दल तिलोत्तमाका कार्यवाहक अध्यक्ष होमप्रसाद पौडेलले विभन्न व्यक्ति र संस्थाबाट सहयोग जुटाएर प्रतियोगितालाई निरन्तरता दिइएको बताए ।

पत्रकार सम्मेलनमा कांग्रेस नेतृ गंगा शाही, तरुण दलका पूर्व केन्द्रीय नेताहरु चिरञ्जीवी जोशीले पनि आफ्ना भनाइ राखेका थिए ।

### ट्रक समिति अधिवेशन :

# पंकज राईद्वारा अध्यक्षमा स्वतन्त्र उम्मेदवारी घोषणा




बुटवल । पश्चिमाञ्चल यातायात व्यवसायी (ट्रक) समितिमा नयां नेतृत्वका लागि चुनावी सरगर्मी शुरु भएको छ । यही चैत २० र २१ गते हुने समितिको २५औं वार्षिक साधारणसभा तथा १४ औं अधिबेशनबाट नयां नेतृत्व चयन हुंदैछ । २ हजार ट्रक र १ हजार ३ सय व्यवसायी आबद्ध समिति नेपालकै ठूलो मध्येको ट्रक समिति हो ।

दुई वर्षे कार्यकाल रहेको समितिको नेतृत्वमा पुग्न युवा व्यवसायी पंकज राईले अध्यक्ष पदमा स्वतन्त्र उम्मेदवारी घोषणा गरेका छन् । राईले बुधबार बुटवलमा पत्रकार सम्मेलन गरी विभिन्न १४ बुढ्दे प्रतिबद्धता सार्वजनिक गरेका छन् ।

राईले व्यवसायी, स्वरोजगार र मजदुरबिच समन्वय गरी सडक दूर्घटनापश्चात् उत्पन्न हुने समस्या र झन्झटिलो प्रकृयालाई सहज बनाउन मोवाइल एप प्रणाली विकास गरी छिटो समस्या समाधान गर्ने विषयलाई प्राथमिकता दिएका छन् ।

व्यवसायीमैत्री कानून निर्माणका लागि अव्यवहारिक र व्यवसायी प्रतिकूलका नियम कानून सुधारका लागि सरकारसँग पहल, चालक तथा सह-चालकलाई सामाजिक सुरक्षा कोषमा आबद्धता, बिमा तालिम र स्वास्थ्य परीक्षणको व्यवस्था सुनिश्चित गर्ने राईले प्रतिबद्धता व्यक्त गरेका छन् ।

त्यस्तै चालकको स्वास्थ्य र बिमा व्यवस्था, नियमित स्वास्थ्य परीक्षण तथा दूर्घटना बिमा कार्यक्रम सञ्चालन, व्यवसायी र कर्मचारीबिच सम्मान र सहकार्यमा आधारित सम्बन्ध विकास, पार्किङ् समस्या समाधान, इन्धन र सामान चोरी नियन्त्रण गर्न सुरक्षा प्रणाली सुदृढ गर्ने राईको प्रतिबद्धता छ । यस्तै राईले भारतीय नम्बर प्लेटका ट्रकलाई नेपालमा ७२ घण्टा गुड्न पाउने प्रावधानलाई घटाई २४ घण्टामा सिमित गर्न पहल गर्ने, रोड परमिट प्रक्रियालाई सरलिकृत गर्दै एक वर्षमा एक पटकमात्र गरे पुग्ने व्यवस्था लागु गराउने, टोल फ्रि हेल्पलाइन सेवा, दुर्घटना र आपतकालिन अवस्थामा तुरुन्त सहयोग सेवा गर्ने प्रतिबद्धता गरे ।

'सुरक्षित ड्राइभिङ तालिम, ट्राफिक नियम र आपतकालीन व्यवस्थापन सम्बन्धी नियमित तालिम सञ्चालन गर्ने मेरा प्रतिवद्धता छन्,' राईले भने-'संस्थाका काम कारबाहीमा पारदर्शिता र व्यवसायीका समस्याहरुको दीगो समाधान प्राथमिकतामा राखेको छु ।'

सामाजिक सुरक्षा कोषको सहज सञ्चालनका लागि हेल्प डेक्स स्थापन गर्ने र सदस्यता विस्तारलाई प्रभावकारी बनाउने पनि राईको प्रतिबद्धता छ । समितिको नेतृत्वका लागि नेपाली कांग्रेस निकट प्रताप कार्की र नेपाली कम्युनिष्ट पार्टी निकट व्यवसायी यम जीसीको नेतृत्वमा अन्य २ समूहले पनि प्यानल नै बनाएर उम्मेदवारी दिने तयारी गरिरहेका छन् । दुबै प्यानलमा विभिन्न दल निकट व्यवसायी छन् ।

### रूपन्देही सुपरलिगः

# बुटवल-११ आठ विकेटले विजयी




यस्तै, म्यान अफ द सिरिजको पुरस्कार होटल स्टार होलिडे, बेस्ट ब्याटर र बलरको पुरस्कार युवा व्यवसायी रविकुमार रौनियार, उदयीमान खेलाडीको पुरस्कार प्रतीक ट्रेड लिंक र म्याच अवधिभर बलको प्रायोजन व्यवसायी अमित गुप्ताले गरेका छन् । प्रतियोगितामा 'ए' र 'बी' डिभिजन गरी २० टीमको सहभागिता छ ।

भैरहवा । भैरहवामा जारी २४औं संस्करणको रुपन्देही सुपरलिग एक दिवसीय क्रिकेट प्रतियोगिताअन्तर्गत 'बी' डिभिजनको बुधबारको खेलमा बुटवल-११ ले जित निकालेको छ । उसले बुटवल युथ क्रिकेट क्लबलाई ८ विकेटले हराउँदै सहज जित निकालेको हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा टस जितेर ब्याटिङ गरेको बुटवल युथले १६ ओभर ५ बलमा सबै विकेट गुमाएर जम्मा ६७ रन बनायो । उसलाई सस्तैमा रोक्न बुटवल-११ का थानेश्वर भट्टराईले ४ ओभर ५ बल बलिङ गर्दै २० रन खर्चेर सर्वाधिक ६ विकेट लिए । यस्तै, एजाज अहमदले ३ तथा विभेष खत्रीले १ विकेट हात पारे । बुटवल युथका हिलसन क्षेत्रीले १९ र कृष्ण पटेलले ११ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन् ।

जवाफी ब्याटिङ गरेको बुटवल-११ ले १७ ओभर ४ बलमा २ विकेट गुमाएर ६८ रन बनाउँदै सहजै जित हात पार्यो । उसको जितमा सुजित श्रेष्ठले २८ र आकाश अर्यालले २५ रनको योगदान गरे ।

बलिङमा बुटवल युथका हिलसन क्षेत्री र लक्ष्मण केसीले १-१ विकेट लिए । खेलमा थानेश्वर भट्टराई प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद एक लाख १ रुपैयाँ र उप-विजेताले ५० हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएका छन् ।

यस्तै, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले समान पाँच हजार रुपैयाँ प्राप्त गर्ने छन् ।

यस्तै, प्रत्येक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय रुपैयाँ पाउने खेल संयोजक प्रथम पराजुलीले बताए ।

प्रतियोगिताको विजेता पुरस्कार माउण्ट एभरेष्ट कत्था मिल, उपविजेता पुरस्कार विके ज्वेलर्स, भैरहवा, म्यान अफ द म्याचको पुरस्कार सिद्धार्थ उद्योग बाणिज्य संघले प्रायोजन गरेको छन् ।

# सरकारको सय कार्यसूचीमा उपेक्षित वन व्यवस्थापन

**संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रम देशभर लागू गर्न सक्दा वार्षिक ६१ अर्ब बढी राजस्व आम्दानी र एक लाख बढी रोजगारी सिर्जना भई राष्ट्रिय अर्थतन्त्र कायापलट गर्नसक्ने वन विज्ञहरुको दाबी छ ।**







**लुम्बिनी संवाददाता**
*बुटवल*

राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको नयाँ सरकारले हालै सार्वजनिक गरेको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमा वन व्यवस्थापन क्षेत्र नसमेटिएको भन्दै सरोकारवालाले चिन्ता व्यक्त गरेका छन् ।

वन व्यवस्थापन जस्तो बहुआयामिक लाभ र दीर्घकालीन महत्व बोकेको क्षेत्र समावेश नभएपछि वन क्षेत्रका विज्ञ, नीति विश्लेषक तथा सरोकारवालाले प्राकृतिक श्रोत साधनको उपयोगमा सरकार चुकेको रुपमा रूपमा टिप्पणी गरेका छन् ।

नेपालको कुल भू-भागमध्ये करिब ४५ प्रतिशत क्षेत्र वनले ढाकेको छ । देशभर २२ हजारभन्दा बढी सामुदायिक वन उपभोक्ता समूह सक्रिय रहेका छन् । जसले स्थानीयस्तरमा वन संरक्षण र उपयोग व्यवस्थापन गर्दै आएका छन् ।

संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रम देशभर लागू गर्न सक्दा वार्षिक ६१ अर्ब बढी राजस्व आम्दानी र एक लाख बढी रोजगारी सिर्जना भई राष्ट्रिय अर्थतन्त्र कायापलट गर्नसक्ने सम्भावनातर्फ नयाँ सरकारको ध्यान नपुगेको वन विज्ञहरुको दावी छ । सरोकारवालाहरूले सरकारलाई एक सय कार्यसूची पुनरावलोकन गरी वन व्यवस्थापनलाई प्राथमिकतामा राख्न आग्रह गरेका छन् । विशेषगरी वन सम्बर्द्धनमा आधारित वन व्यवस्थापन, काठ तथा वन पैदावारको मूल्य पुनरावलोकन, वन पैदावरको बिदेश निकासी, वनमा आधारित उद्यम विकास तथा वन क्षेत्रबाट हरित रोजगारी सिर्जना जस्ता कार्यक्रम समावेश गर्नुपर्ने उनीहरूको माग छ । न सम्बर्द्धन प्राणालीमा आधारित वन व्यवस्थापनको अभावमा वनबाट प्राप्त हुने ठूलो आम्दानी सम्भावनाको अहिलेपनि पूर्ण उपयोग हुन नसकेको अवस्थालाई बुझेर नयां सरकारले प्राथमिकता दिने आशा भएपनि चुकेको वन प्राबिधिक संघ लुम्बिनीका अध्यक्ष केशब खड्का बताउँछन् । 'नयां सरकारले वनक्षेत्रबाट हुने उत्पादन र आर्थिक सम्भावनाको अथाह उपयोग गर्न सक्ने गरी सय कार्यसूचिमा वन व्यवस्थापन समेटिन्छ होला भन्ने आशा थियो तर भएन,' खड्काले भने-'नयां सरकारले पनि वन व्यवस्थापनलाई उपेक्षा गरेको अनुभूति भएको छ ।'

अध्यक्ष खड्काका अनुसार लुम्बिनि प्रदेशमा रहेका चार हजार बढी वन समुहहरुमध्ये हालसम्म पांच सय वनक्षेत्रमा पनि सकृय वन व्यवस्थापनको कार्यक्रम कार्यान्यन हुन सकेको छैन ।

लुम्बिनी प्रदेशका ६० प्रतिशत वन समुहमा वन सम्बर्द्धन प्राणालीमा आधारित वन व्यवस्थापनको कार्यक्रम सहजै कार्यानवयन गर्न सकिने र त्यसबाट अर्बौं आम्दानी लिन सकिने खड्काको दाबी छ । 'सरकारले वन व्यवस्थापन कार्यक्रमलाई राज्यको प्राथामिकता प्राप्त आयोजनकारुपमा अगाडि बढाउनुपर्छ, वनक्षेत्र लाखौं रोजगारी सिर्जना गर्न सक्ने एउटा ठुलो उद्योग हो,' खड्का भन्छन्-'लुम्बिनीमा करिब ९ प्रतिशत मात्रै वन समूहहरुमा (करिब २२ प्रतिशत) वन व्यवस्थापन कार्याक्रम कार्यान्वयन हुँदा वार्षिक २ अर्ब बढी आर्थिक कारोबार भएको छ, देशभर नै यो कार्यक्रम कार्यान्वयन हुदा यसले राष्ट्रिय अर्थतन्त्र कायापलट गर्नसक्छ ।'

वन व्यवस्थापनलाई प्राथमिकतामा राखी योजनाबद्ध रूपमा कार्यान्वयन गर्न सकेमा काठ, दाउरा उत्पादनमा वृद्धि हुने र हजारौं रोजगारी सिर्जना हुने तथा संघ, प्रदेश र स्थानीय तहमा गरी अर्बौं रुपैयाँ राजश्व संकलन हुने सम्भावना रहेको वन विज्ञहरूको भनाइ छ ।

'वन क्षेत्रलाई राज्यले अधिकतम दिगो उपयोग गर्न फरक सोंच साथ संगठन तथा व्यवस्थापन सर्भेक्षण, नेपाल वन परिषद् गठन गठन, वन पैदावार बिक्री बितरणमा विद्युतिय टेण्डर प्रणाली लागू गर्ने हो भने अहिलेको तुलनामा चार-पांच गुणा बढी आम्दानी लिन सक्छि,' अध्यक्ष खड्का भन्छन्-'वन क्षेत्रको तथ्यांक व्यवस्थापनका लागि डिजिटल अनलाइन डाटाबेश प्रणाली लागू गर्ने विषयहरु समेटेर वन व्यवस्थापनलाई नयाँ उचाइमा पुराउने नयाँ सरकारको प्राथामिकता रहनुपर्छ ।'

वन क्षेत्रको सकृय वन व्यवस्थापनका लागि आवश्यक कानूनी आधारहरु करिब पूरा भएका र केही संशोधन र परिमार्जन गरे देशभर सकृय वन व्यवस्थापनको कार्यक्रम द्रुतरुपमा अगाडि बढाउन सकिने लुम्बिनि प्रदेश वन मन्त्रालयका सचिव प्रमोद भट्टराई बताउँछन् ।

उनका अनुसार सात प्रदेश मध्ये लुम्बिनीमा मात्र सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयमा रहेको र प्रदेशले यसबाट उल्लेख्य फाइदा पाइरहेको छ ।

'वन व्यवस्थापनबाट केवल आर्थिक लाभ मात्र होइन, वातावरणीय सन्तुलनमा पनि महत्वपूर्ण भूमिका खेल्दछ, कार्बन सञ्चिति बढाएर जलवायु परिवर्तन न्यूनीकरण, जैविक विविधता संरक्षण, भूक्षय तथा बाढी-पहिरो नियन्त्रण जस्ता क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउँछ,' सचिव भट्टराईले भने-'संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन सातै प्रदेशमा प्रभावकारी ढंगले लागू हुन नसक्दा वर्षेनी अर्बौं रुपैयाँको काठ र फर्निचर आयात भइरहेको दुःखद् अवस्था छ ।'

वन विज्ञान अध्ययन संस्थान डिनको कार्यालयका प्राध्यापक डा. राजेश राईले अहिलेसम्मका सरकारहरु वन क्षेत्रबाट हुन सक्ने निकै ठूलो राजस्व आम्दानी र अन्य लाभ लिन पूरै चुकेको बताए । परम्परागत रुपमा वन व्यवस्थापन हुँदा वार्षिक ६ करोड ३२ लाख क्यूफिट काठ उत्पादन हुने सरकारी प्रक्षेपण भए पनि ३ करोड १५ लाख क्यू फिट मात्र उत्पादन भइरहेको र यो मध्ये २ करोड ५९ लाख क्यू फिट काठ निजी वनबाट हुने गरेको डा. राईले बताए । राष्ट्रिय वन स्रोत सर्वेक्षण र वन क्षेत्र रणनीतिका अनुसार नेपालमा वार्षिक १२ करोड ९० लाख क्यू फिट काठ उत्पादन गर्न सकिन्छ । तर अहिले चार गुणा कम मात्रामा उत्पादन भइरहेको छ ।

'साँच्चै भन्ने हो भने सरकारले सामुदायिक, साझेदारी र सरकारी वनबाट हुनसक्ने अथाह आम्दानी लिनै सकेको छैन, जुन लाजमर्दो अवस्था हो,' डा. राईले भने-'संवर्द्धन प्रणालीमा आधारित वैज्ञानिक ढंगले वन व्यवस्थापन गर्ने हो भने वार्षिक ६१ अर्ब राजस्व आम्दानी लिन सकिन्छ, ६१ हजार जनालाई रुख कटानमा मात्र फूलटाइम रोजगारी सिर्जना हुन्छ ।' कटान बाहेक काठ ढुवानी, काष्ठ उद्योग र फर्निचर उद्योगमा सिर्जना हुने सबै जोड्दा वार्षिक कम्तीमा एक लाख जनालाई रोजगारी सिर्जना हुने डा. राईले औंल्याए ।

'वन क्षेत्रको उपयोग र व्यवस्थापनलाई उपेक्षा गर्नु आर्थिक, वातावरणीय र सामाजिक अवसर गुमाउनु हो,' डा. राईले भने-'वन व्यवस्थापनलाई समेटेर दिगो विकास, हरित अर्थतन्त्र र स्थानीय रोजगारी प्रवर्द्धनका कार्यक्रम तत्काल अघि बढाउनुपर्छ ।' संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन हुंदा कार्बन सञ्चिति बढ्ने र डढेलो जोखिम समेत कम हुने हँदा यसलाई सरकारले उपेक्षा गर्न नहुने डा. राईको सुझाव छ ।

'नेपालको दिगो विकास, वातावरणीय सन्तुलन र आर्थिक समृद्धिका लागि वन व्यवस्थापन अपरिहार्य क्षेत्र हो, सरकारी प्राथमिकतामा यो क्षेत्र नपर्नुले दीर्घकालीन असर पार्न सक्ने समेत देखिन्छ ।'-डा. राईले भने ।

# चोरबाटोबाट ड्राइभिङ्ग लाइसेन्स : एउटै व्यक्तिबाट लाखौं ठगी

गुल्मी । लिखित परीक्षा र ट्रायल नै नदिई बिचौलियाहरुले चोरबाटोबाट ड्राइभिङ्ग लाइसेन्स अर्थात् सवारी चालक अनुमति पत्र दिलाएर एउटै व्यक्तिबाट लाखौं ठगी गर्ने गरेको रहश्य खुलेको छ। बाग्लुङ्गको बडिगाड गाउँपालिका १० दर्लिङ्गका दीपक बुढाले यस्तो रहश्य खुलाएका हुन्। जबकी उनी भारतमा छन् । जसलाई उही बसीबसी नेपालका एक व्यक्तिले ड्राइभिङ्ग लाइसेन्स दिलाएर लाखौं ठगी गरेर सम्पर्कविहीन बनेका छन् ।

बुढाका अनुसार कञ्चनपुर जिल्लाको साविक वेतडाँडी गाविस वडा नम्बर ८ घर बताउने अनुप भण्डारीले सामाजिक सञ्जाल टिकटकमार्फत् लिखित परीक्षा र ट्रायल नै नदिई सवारी चालक अनुमति पत्र दिलाउने उनलाई प्रलोभन देखाए । त्यसका लागि सुरुमा ८० हजार रुपैयाँ लाग्ने बताए । पछि विभिन्न कारण देखाउँदै १ लाख ९५ हजार रुपैयाँ पठाउन भने । त्यो पठाइसकेपछि दिपक बुढाको नाममा सवारी चालक अनुमति पत्रको फोटो खिचेर वार्डशपमार्फत् पठाए । त्यसपछि अनुप भण्डारी नामका ति व्यक्ती सम्पर्कविहीन बने ।

उनी सम्पर्कविहीन बनेपछि सामाजिक सञ्जालमार्फत् उक्त रकम उठाई दिने प्रलोभन देखाउँदै फेरि अर्को विचौलिया दिपक बुढाको सम्पर्कमा आयो । जसले वार्डशपमा नेपाल प्रहरीको उच्च ओहदाको दर्जानी चिन्हसहितको बर्दी लगाएको फोटो राखेका छन् ।

उसले दिनहुँ वार्डशपमार्फत् फोन गरेर ५० हजार रुपैयाँ दिए अनुप भण्डारीलाई पक्राउ गरी उप्त रकम उठाई दिने प्रलोभन दिइरहेका छन् ।

दिपक बुढाको नाममा पठाइएको सवारी चालक अनुमति पत्र सक्कली हो कि नक्कली हो भनेर हामीले जिल्ला ट्राफिक कार्यालय गुल्मीका प्रमुख प्रहरी नायव निरीक्षक चुरामणि पोखरेललाई बुझ्न पठाएका थियौं ।

उनले चेक गर्दा उक्त सवारी चालक अनुमति पत्रमा दिपक बुढाको नाम विवरण देखाएको, तर फोटो नदेखाउँदा शंकास्पद रहेको उनले बताएका छन् । चोरबाटोबाट त्यति ठुलो रकममा सवारी चालक अनुमति पत्र दिलाउनु ठगी र ग्रैह कानुनी दुबै भएको उनको भनाइ छ ।

खैर सक्कली नै भए पनि सवारी चालक अनुमति पत्र चोरबाटोबाट दिलाउने अनुप भण्डारी र नेपाल प्रहरीको ड्रेस लगाएको फोटो वार्डशपमा राखेर भण्डारीबाट ठगिएका दिपक बुढासँग ५० हजार मागेर उक्त रकम उठाइदिन्छु भन्ने अर्का विचौलियासहितको गिरोहलाई सम्बन्धित निकायले अनुसन्धान गरी पक्राउ गर्न जरुरी छ । अन्यथा विगतका सरकारहरुको पालामा झैं यस्ता विचौलियाहरुबाट अरु तमाम नेपाली ठगिने क्रम बढ्दै जानेछ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही
विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com